क्षेत्रीय समाचार एकांश

आकाशवाणी खरसाङ

मितिः 16 मई, 2012

समयः 18:50 – 19:00 बजे

प्रादेशिक समाचार – नेपाली, आकाशवाणी खरसाङ

प्रमुख समाचार

- तृणमूल कंग्रेसका अध्यक्ष अनि पश्चिम बंगालका मुख्यमंत्री ममता ब्यानर्जीले दावी गर्नुभएको छ कि उहाँको सरकार नक्सल प्रभावित जंगलमहल क्षेत्रमा शान्ती बनाइराख्नमा सफल भएको छ।
- कनसर्न सिटिजन एशोसिएशनले दार्जीलिङ पहाड़को बालासन जल परियोजना पूरा हुनमा भैरहेको बिलम्बमाथि चिन्ता प्रकट गरेको छ।
- युद्धको दौरान शत्रु सेनाद्वारा कैदी बनाएका अथवा लापत्ता भएका भारतीय सेनाका जवानहरूका परिजनहरूलाई अब केन्द्र सरकारले ती सबै सुविधाहरू उपलब्ध गराउने छ जो देशको रक्षामा आफ्नो प्राण गुमाउने सैनिकहरूलाई दिइने गरिन्छ।
- केरलको तटमा मनसून आफ्नो निर्धारित समय एक जूनसम्ममा आईपुग्नेछ।

सीएम–जंगलमहल

तृणमूल कंग्रेसका अध्यक्ष तथा पश्चिम बंगालका मुख्यमंत्री ममता ब्यानर्जीले दावी गर्नुभएको छ कि उहाँको सरकार जंगलमहल क्षेत्रमा शान्ती बनाइराख्नमा सफल रहेको छ अनि यस वर्ष अझसम्म ती क्षेत्रमा एकजना व्यक्ति पनि मारिएको खबर प्राप्त भएको छैन। आंकड़ाहरूको आघारमा उहाँले भन्नुभयो – वर्ष 2010–11–मा जब राज्यमा वाममोर्चा सरकार सत्तामा थिए तब जंगलमहल क्षेत्रमा 139 नागरिकहरू अनि 35 सुरक्षा कर्मी मारिएका थिए। जंगलमहल क्षेत्र पश्चिम मिदनापुर, पुरूलिया अनि बाँकुड़ा जिल्लाहरूलाई लिएर बनिएको छ। उहाँले आज कोलकातामा भन्नुभयो –हामी जंगलमहलमा शान्ती बनाईराख्नमा सफल रहेका छौं। हामी सत्तामा आए पश्चात केवल 12 नागरिक अनि दुई सुरक्षा कर्मी मारिएका थिए जबकि यस वर्ष अहिलेसम्म एकैजना व्यक्ति पनि मारिएको सूचना प्राप्त भएको छैन। नक्सलीहरूका शीर्ष नेता किशनजीको मृत्यु पश्चात जागोरी बसकी अनि सुचित्रा महतो जस्ता अन्य घेरै प्रमुख नक्सली नेताहरूले मुख्यमंत्री समक्ष आत्मसमर्पण गरिसकेका छन्। सिंगूरका किसानहरूको जमीन फिर्ता गर्ने मामलामा सुश्री ब्यानर्जीले भन्नुभयो –वचन दिइए अनुसार जमीन फर्काइनेछ तर मामला अहिले न्यायालयमा छ।

उहाँले दावी गर्नुभयो –राज्यको निम्ति एक वर्षमा उहाँले जे–जत्ती गर्नुभएको छ त्यत्ति कार्य पहिला कहिल्यै भएको थिएन। किसानहरूलाई अधिक उब्जनी गर्नको निम्ति समर्थन दिइने विषयमा सुश्री व्यानर्जीले भन्नुभयो –सात लाख किसानहरूलाई क्रेडिट कार्ड दिइसकिएको छ अनि 341 ब्यांकमा पीपीपी–को आधारमा किसानहरूले सौदापात गरिरहेका छन्। पहिलो चोटि किसानहरूबाट

20 लाख टन धान न्यूनतम समर्थन मूल्यमा किनेर उनीहरूलाई चेकद्वारा भुक्तान गरिएको छ। ममता ब्यानर्जीले राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने आफ्नो वचनको सन्दर्भमा भन्नुभयो –मामलाहरूको समीक्षाको निम्ति एक राज्य स्तरीय समिति गठित गरिएको छ। समितिले 52 राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने सिफारिश गरेको छ जसमध्ये 40 बन्दीहरूलाई मुक्त गरिएको छ। राजनीतिक उदेश्यद्वारा प्रेरित मामलाहरू, विशेष गरेर नन्दीग्राम अनि सिंगूरका मामलाहरू थाह पाइएको छ अनि तिनीहरूलाई फर्काइ ल्याउनको निम्ति अनेक मामलाहरूमा पाइला चालिसकिएको छ। सबै मिलाएर 18 वर्षमा अधिक समय जेलमा बिताईसकेका 42 कैदिहरू जेलबाट मुक्त गरिसकिएको छ। राज्यमा ताजा निवेशका प्रस्तावहरू बारे उहाँले भन्नुभयो –95 हजार करोड़ रुपियाँको निवेशको प्रस्ताव छ अनि रोजगारको नयाँ अवसरहरू पनि अघि आएको छ। मनरेगा अन्तर्गत 15 करोड़ रोजगार अनि निजी लगायत उद्योग क्षेत्रहरूमा 3 लाख रोजगार सृजन गरिएको छ। यसको साथै सरकारी क्षेत्रमा 2 लाख 75 हजार रोजगार सृजन गरिएको छ। उहाँले भन्नुभयो –सय दिनको रोजगार ग्यारन्टी योजना अन्तर्गत 33 दिनको रोजगार सुनिश्चित गरिएको छ जबकि माकपा सरकारले केवल 18 दिनको रोजगार सुनिश्चित गरेका थिए। सुश्री ब्यानर्जीले 65 महीला थानाहरू स्थापित गर्ने योजना अन्तर्गत अहिलेसम्म 10 थानाहरू स्थापित भईसकेको जबकि 19 मानव अधिकार न्यायालयहरू अनि 6 सीबीआई न्यायालयहरू बनाईसकेको जानकारी पनि दिनुभयो।

111111 ॰ 111111

बालासन प्रोजेक्ट

कनसर्न सिटिजन एशोसिएशनले दार्जीलिङ पहाड़को बालासन जल परियोजना पूरा हुनमा भैरहेको बिलम्बमा चिन्ता प्रकट गरेको छ। एशोसिएशनले परियोजनाको चाँड़ै क्रियान्वयनको निम्ति राज्य सरकार अनि सेनासित आवश्यक पत्राचार गर्ने निर्णय लिएको छ। एशोसिएशनका सचिव जे.बी. एडवर्डले आज दार्जीलिङमा बताए –एशोसिएशनका प्रतिनिधिहरूले हालैमा सिंचेल लेक अनि बालासन क्षेत्रको भ्रमण गरेका थिए जसमा सिंचेल लेक परिसरमा बलियो सुरक्षाको प्रबन्ध नभएको भेट्टाइएको थियो। उहाँले भन्नुभयो –कटक पहाड़ स्थित सेनाको छावनी क्षेत्रमा पाँच किलोमिटरसम्म पाइपलाइन बिछाउने अनुमति प्राप्त नहुनको कारण बालासन परियोजनमा बिलम्ब भैरहेको छ। सिटीजन एशोसिएशनले यस विषयमा सेना मुख्यालय अनि राज्य सरकारसित परियोजनाको शीघ्र क्रियान्वयनको निम्ति आवश्यक पाइला चाल्ने आग्रह गर्ने उहाँले जानकारी दिनुभएको छ।

111111 ॰ 111111

12 प्लान

प्रधानमंत्री डा. मनमोहन सिंहले आज लोकसभामा आश्वासन दिनुभएको छ कि 12 औं पंचवर्षीय योजनाको अवधि कृषि क्षेत्रमा चार प्रतिशत वृद्धि दर प्राप्त गर्नको निम्ति सबै प्रयासहरू गरिनेछ। आज प्रश्नकालको समय उहाँले भन्नुभयो – योजनाको लक्ष्यहरू प्राप्त गर्नको निम्ति पर्याप्त संसाधन उपलब्ध गराइनेछ। मुख्य प्रश्नको उत्तर दिनुहुँदै योजना राज्यमंत्री अश्विनी कुमारले भन्नुभयो –यस योजनाको उदेश्य अर्थव्यवस्थालाई संतुलित विकास सुनिश्चित गर्नुपर्ने रहेको छ। खाद्य तेलहरूको कम उत्पादनको चर्चा गर्दै उहाँले भन्नुभयो –12 औं योजनाको अन्तसम्म यसको

मांग 5 करोड़ 90 लाख टन हुने अनुमान छ। योजना अवधिमा खाद्य तेलहरूको मांग अनि आपूर्ति वीचको अन्तर यसको आयात गरेर पूरा गरिने उहाँले जानकारी दिनुभएको छ।

111111 ० 111111

मिसिङ सोल्जर

युद्धको दौरान शत्रु सेनाद्वारा कैदी बनाएका अथवा लापत्ता भएका भारतीय सेनाका जवानहरूका परिजनहरूलाई अब केन्द्र सरकारले ती सबै सुविघाहरू उपलब्ध गराउने छ जो देशको रक्षामा आफ्नो प्राण गुमाउने सैनिकहरूलाई दिइने गरिन्छ। सरकारले सर्वोच्च न्यायालयलाई भनेको छ कि 1971–को भारत–पाक युद्धको अवधि लापत्ता भएका सैनिकहरूका परिवारहरूलाई सबै सेवारत लाभहरू प्रदान गरिनेछ। गुजरात उच्च न्यायालयको त्यस निर्णयको अनुपालनमा यो पाइला उठाइएको हो जसको केही हिस्साहरूलाई उच्चतम न्यायालयमा चुनौती दिइएको थियो। सर्वोच्च न्यायालयले उच्च न्यायालयका ती आदेशहरूमाथि रोक लगाउँदै प्रतिपक्षहरूलाई सूचना जारी गरेर सरकारले चुनौती दिएकाहरूसित जवाब मांगेको छ। तथापि निर्णयमा समावेश गरिएको अन्य आदेशहरूको अनुपालनको बारेमा केन्द्रका अधिवक्ता टी. ए. खानले स्पष्ट गरेका छन् कि जो सैनिक युद्धको समय लापत्ता भएका थिए, उनीहरूका परिवारहरूलाई अब सबै सेवारत लाभ दिइनेछ। पाकिस्तानले हराएका ती भारतीय सैनिकहरू आफ्नो जेलमा बन्द रहेको अस्वीकार गरेको छ। उच्च न्यायालयले केन्द्रलाई 54 भारतीय सैनिकहरू पाकिस्तानको तर्फबाट नछोड़िएको मामलामा अन्तर्राष्ट्रीय कोर्टको दैलो खटखटाउने आदेश दिएका थिए। यी सबै सैनिकहरू 71 सालको युद्धमा लापत्ता भएका थिए। उच्च न्यायालयले यो आदेश पूर्व सेनाधिकारीहरूको तर्फबाट दायर याचिकामाथि जारी गरेको थियो। याचिकाकर्त्ताहरूमा 1971–मा पाक विरूद्ध युद्धमा असाधारण बीरता देखाउने लेफ्टनेंट जनरल जगजीत सिंह अरोड़ा लगायत हराएका लापत्ता सैनिकहरूका परिजनहरू पनि सामेल छन्। जस्टिस आर.एम. लोढ़ाको अध्यक्षता भएको पीठ समक्ष सरकारले परिजनहरूलाई लाभ प्रदान गर्ने उच्च न्यायालयको आदेशको अनुपालन गर्नको निम्ति चालिएको पाइलाहरूको जानकारी दिंदै भन्नुभयो –यस्ता सैनिकहरूका परिवारहरूले अहिलेसम्म सेवानिर्वृति पछिको लाभ मात्र पाइरहेका थिए, तर अब उनीहरूलाई सेवारत लाभहरू पनि दिइनेछ। न्यायालयले यस मामलामाथि प्रतिपक्षहरूको तर्फबाट उत्तर प्राप्त भए पश्चात सुनवाई गर्नेछ।

111111 ० 111111

मनसून

केरलको तटमा मनसून आफ्नो निर्घारित समय एक जूनसम्ममा आईपुग्नेछ। यसको साथै कृषि आधारित देशको अर्थव्यवस्थाको दृष्टिकोणले महत्त्वपूर्ण चार महीने वर्षाऋतुको आरम्भ हुनेछ। भारतीय मौसम विभागले हिज नयाँ दिल्लीमा यो घोषणा गरेको छ। विभागले बताए अनुसार –दक्षिण मनसून केरलको तटमा सम्भवतः एक जूनसम्ममा आईपुग्नेछ। यसमा तीन–चार दिनको फेरबदल हुन सम्भव छ। दक्षिणी अंडमान सागरमा मनसून निर्घारित समयमा नै आरम्भ हुने सम्भावना रहेको छ। त्यसको साथै वर्षा ऋतु विस्तारै शुरू हुनेछ। सबैभन्दा पहिला केरलको तटीय इलाकाहरूमा हल्का वर्षा हुनेछ। विभागले अझ बताएको छ –अंडमान सागरमा मनसून आफ्नो

सामान्य तारीखको केही दिन पछि सक्रिय हुनेछ। स्मरण रहोस् कि मौसम विभागले गत महीना देशमा लगातार तेस्रो वर्ष सामान्य मनसूनको अनुमान लगाएका थिए।

111111 ॰ 111111

<u>नेपाल क्याबिनेट</u>

नेपालका प्रधानमंत्री बाबूराम भट्टराईले आज आफ्नो मंत्रीमण्डलको विस्तार गर्नुहुँदै 7–जना नयाँ मंत्रीहरूलाई सामील गर्नुभएको छ। यसको एक दिन पूर्व मुख्य राजनीतिक पार्टीहरू संविधानको मसौदा तैयार गर्ने विषयसित जड़ित मुद्दाहरूमाथि सहमत भएका थिए। श्री भट्टराई मंत्रीमण्डलका नयाँ सदस्यहरूले आज काठमाड़ौंमा राष्ट्रपति भवनमा पद अनि गोपनीयताको शपथ लिए।

111111 ॰ 111111